नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

**मितिः २०७९/०७/१८**

## प्रेस विज्ञप्ती

**राजस्व अनुसन्धान कार्यालय पथलैयाले निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन हेटौंडा ईजलासमा मिति २०७९।०७।१८ गते राजस्व चुहावट सम्वन्धी मुद्दा दायर गरिएको ।**

**१. अभियुक्तको विवरणः**

जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. ३ शहिद चौक बस्ने श्री साई रामकुमार गुप्ता (स्थायी लेखा नंम्बर ६०५८९५७६८) भरतपुर-३ को प्रोपराईटर वर्ष २८ को शौरभ गुप्ता ।

**२. कसूरको संक्षिप्त विवरणः**

मिति २०७८।०९।१३ गते बिहान अं. ११.१५ बजेको समयमा जिल्ला चितवन भरतपुर महानगरपालिका, वडा नं. ३ शहिद चौक स्थितमा श्री साई रामकुमार गुप्ता (स्थायी लेखा नम्बर ६०५८९५७६८) भरतपुर- ३ ले भन्सार छली गरी मालसामान पैठारी गरी लुकाई छिपाई खरिद बिक्री गरी राजस्व चुहावट गरेको बिशेष सुचनाको आधामा कारोबार स्थलमा गई भौतिक गणना गरी आवश्यक कागजातहरु नियन्त्रमा लिई अनुसन्धान गर्दा भंसार महसुल तथा मुल्य अभिवृद्धि कर छली गरेको पाईएको ।

**३. कायम भएको बिगो र सजायको मागदावीः**

प्रतिवादी श्री साई रामकुमार गुप्ता (स्थायी लेखा नंम्बर ६०५८९५७६८) भरतपुर-३ को प्रोपराईटर शौरभ गुप्ताले गरेको उपरोक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संसोधन सहित) को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ (क), (ख) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर अपराध गरेको पुष्टी हुन आएकोले प्रतिवादी श्री साई रामकुमार गुप्ता (स्थायी लेखा नंम्बर ६०५८९५७६८) भरतपुर-३ को प्रोपराईटर शौरभ गुप्तालाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संसोधन सहित) को दफा २(छ१) बमोजिम गणना गरिएको जम्मा **रु ३,८०,५९,५२६।- (अक्षरेपी तीन करोड असी लाख उनान्सठी हजार पाँच छबिस रुपैयाँ मात्र)** बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २३(१) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनुपर्ने राजस्व रकमको ब्याज समेत असुल उपर हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**